१. वन्यजन्तु तथा पंक्षीहरु हाम्रा अमूल्य सम्पत्ति हुन्, यिनीहरुको संरक्षण गर्नु तपाई हामी सवैको कर्तव्य हो तसर्थ यिनीहरुको शिकार नगरौं र कोही कसैवाट त्यस्तो कार्य भए गरेमा नजिकको वन कार्यालयमा जानकारी दिई वन्यजन्तु संरक्षणमा सहयोग पुर्‍याऔं ।

२. सामुदायिक वन उपभोक्ता समूहको कोषमा सामुदायिक वन बाट बार्षिक रुपमा प्राप्त हुने आम्दानीको कम्तीमा २५ प्रतिशत रकम वन विकासका कार्यहरुमा र ३५ प्रतिशत रकम गरिवी न्यूनीकरण एवं आयमूलक कार्यहरुमा खर्च गरी सामुदायिक वनको मार्ग दर्शनमा उल्लेखित प्रावधान लाई पालना गरौं ।

३. वन तथा वन्यजन्तुको संरक्षण गरी जैविक विविधताको संरक्षणमा सहयोग पुऱ्याऔं, जिम्मेवार नागरिकको भूमिका निर्वाह गरौं ।

४. सामुदायिक वनको संरक्षण तथा दिगो व्यवस्थापन गर्दै उपभोक्ता समूहमा सुशासन कायम गरौं, वन विकास र गरिवी न्यूनिकरण कार्यलाई प्राथमिकता दिई कोषको परिचालन गरौं ।

५. चुरे क्षेत्रको वन संरक्षणमा सहभागी बनौ वन डढेलो, चोरी शिकार अत्याधिक चरिचरण कार्यलाई निरुत्साहित पारौ, जैविक विविधतामा संरक्षणमा टेवा पुऱ्याऔं ।

६. सामुदायिक वनमा वन ऐन, २०४९ र वन नियमावली, २०५१ ले निषेध गरेका कार्यहरु नगरौं नगराऔं । प्रत्येक सामुदायिक वन उपभोक्ता समूहले आ-आफ्नो बिधान र कार्ययोजनाको पूर्ण पालना गरौं ।

७. शिकार खेल्नु दण्डनिय अपराध हो, चोरी शिकार गर्ने जो कसैलाई पनि प्रचलित कानून बमोजिम कार्वाही हुन सक्छ । चोरी शिकार कार्यलाई निरुत्साहित पार्नु हामी सबैको दायित्व हो । तसर्थ त्यसो भए गरेको पाइएमा प्रमाण सहित कार्वाहीको लागि नजिकैको वन कार्यालयमा जानकारी गराई वन्यजन्तुको संरक्षणमा सहभागी बनौं ।

वनलाई डढेलोबाट बचाऔं ।

गर्मीको समयमा मानिसको लापरवाही वा जानीजानीका कारण वनमा वर्षेनी डढेलो लागी वनस्पति र वन्यजन्तुको विनाश भइरहन्छ, डढेलोले वन नजिकका बस्तिका घरहरु तथा खेतीपातीलाई पनि ठूलो क्षति पुऱ्याउँछ । अझ कहिलेकाँही त यसको मासिन तथा घरपालुवा जनावरको ज्यानै लिन सक्छ । साथै यसले वातावरणमा समेत प्रतिकूल असर पार्दछ । अर्को शब्दमा भन्नु पर्दा डढेलोले नोक्सानै नोक्सान गर्छ । वनको अस्तित्व तपाई हाम्रो अस्तित्वसँग गाँसिएको छ । वनमा डढेलो लगाउनु दण्डनीय अपराध हो । त्यसैले सकेसम्म डढेदो लाग्नै नदिऔं । कथंकदाचित लागीहालेमा सबै मिली तुरुन्त निभाऔं । आफू बच्न वनलाई बचाऔं । जिम्मेवार नागरिकको भूमिका निर्वाह गरौं ।

अनुरोधक
जिल्ला वन कार्यालय, पाल्पा ।